# प्रदेश लोक सेवा आयोग

मधेश प्रदेश, जनकपुरधाम, नेपाल

## प्रदेश निजामती सेवाका अधिकृत एघारौ र नवौं तह (अप्राविधिक/प्राविधिक) पदको बढुवाको सूचना

सूचना नं.३६/०८०-८१ प्रकाशन मितिः २०८०/४/३२

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ । दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको वेबसाइट ppsc.p2.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेशगर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्त फारामहरुलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः

(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफुले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) दरखास्तसाथ सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(च) दरखास्त दस्तुर अधिकृत एघारौं तहको लागि रु.१,५००/- (एक हजार पाँच सय) र अधिकृत नवौं तहको लागि रु.१,२००/- (एक हजार दुई सय) बुझाउनु पर्नेछ ।

(छ) दरखास्त दस्तुर बुझाउने विधि र स्थानः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००००१००१००००००१ मध्ये आफुलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामबाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ ।

(ज) दरखास्त दिने अन्तिम मितिः २०८०/५/२७ र दोब्बर दस्तुर तिरी २०८०/६/३ सम्म

### अ) अधिकृत एघारौं तह (प्राविधिक)

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | १/०८०-८१ | प्रमुख मेडिकल सुपरिन्टेण्डेन्ट, स्वास्थ्य, ज. हे. स. | ३ (तीन) |
| २ | २/०८०-८१ | निर्देशक, स्वास्थ्य, हेल्थ एजुकेसन | १ (एक) |
| ३ | ३/०८०-८१ | निर्देशक, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | १ (एक) |

### आ) अधिकृत नबौं तह (अप्राविधिक/ प्राविधिक)

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | ४/०८०-८१ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | १ (एक) |
| २ | ५/०८०-८१ | इञ्जिनियरिङ्ग, जियोलोजी, हाइड्रो जियोलोजी | ३ (तीन) |
| ३ | ६/०८०-८१ | प्रशासन, सामान्य प्रशासन | २ (दुई) |
| ४ | ७/०८०-८१ | शिक्षा, शिक्षा प्रशासन | १ (एक) |
| ५ | ८/०८०-८१ | कन्सल्टेण्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | २ (दुई) |
| ६ | ९/०८०-८१ | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | २ (दुई) |
| ७ | १०/०८०-८१ | कन्सल्टेण्ट रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजिष्ट, रेडियो डायगनोसिस | ३ (तीन) |
| ८ | ११/०८०-८१ | कन्सल्टेण्ट साइक्याट्रिष्ट, स्वास्थ्य, साइक्याट्री | ३ (तीन) |
| ९ | १२/०८०-८१ | कन्सल्टेण्ट पिडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक, पेडियाट्रिक मेडिसिन | १ (एक) |
| १० | १३/०८०-८१ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, ऐनेस्थेसियोलोजी | २ (दुई) |
| ११ | १४/०८०-८१ | कन्सल्टेण्ट अब्सटेट्रिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्सटेट्रिक्स एण्ड गाईनोकोलोजी | १ (एक) |
| १२ | १५/०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | ७ (सात) |
| १३ | १६/०८०-८१ | मेडिकल सुपरिटेण्डेण्ट, स्वास्थ्य, ज. हे.स. | १ (एक) |
| १४ | १७/०८०-८१ | कन्सल्टेण्ट माईक्रको बायोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, मेडिकल माइक्रोबाइलोजी | १ (एक) |
| १५ | १८/०८०-८१ | कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी | १ (एक) |
| १६ | १९/०८०-८१ | उप प्रमुख मे. टे., स्वास्थ्य, मे.ल्या. टे., ज.मे.ल्या.टे. | १ (एक) |

## प्रदेश निजामती सेवाका अधिकृत एघारौं र नवौं तह (अप्राविधिक/प्राविधिक) पदको खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं.: ३७/०८०-८१ प्रकाशन मितिः २०८०/४/३२

प्रदेश निजामती सेवाका अधिकृत एघारौं र नवौं तहमा निम्न सेवा, समूह, उपसमूहका रिक्त पदहरुको खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | खुला, समावेशी र अन्तरसेवा | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| **क) अधिकृत एघारौं तह** | | | | | | |
| १ | २०/०८०-८१ | प्रमुख मेडिकल सुपरिन्टेण्डेन्ट, स्वास्थ्य, ज. हे. स. | खुला | | १ | १ (एक) |
| **ख) अधिकृत नवौं तह** | | | | | | |
| अ) अप्राविधिक | | | | | | |
| १ | २१/०८०-८१ | प्रशासन, सामान्य प्रशासन | खुला | | १ | १ (एक) |
| २ | २२/०८०-८१ | प्रशासन, सामान्य प्रशासन | मधेशी महिला | १ | | १ (एक) |
| ३ | २३/०८०-८१ | प्रशासन, सामान्य प्रशासन | दलित महिला | १ | | १ (एक) |
| आ) प्राविधिक ( स्वास्थ्य सेवा वाहेकका सेवा तर्फ) | | | | | | |
| १ | २४/०८०-८१ | इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | खुला | | १ | १ (एक) |
| २ | २५/०८०-८१ | इञ्जिनियरिङ्ग, जियोलोजी, हाइड्रो जियोलोजी | खुला | | १ | १ (एक) |
| ३ | २६/०८०-८१ | शिक्षा, शिक्षा प्रशासन | खुला | | १ | १ (एक) |
| इ) प्राविधिक ( स्वास्थ्य सेवा तर्फ) | | | | | | |
| १ | २७/०८०-८१ | कन्सल्टेण्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | खुला | | १ | १ (एक) |
| २ | २८/०८०-८१ | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | खुला | | १ | १ (एक) |
| ३ | २९/०८०-८१ | कन्सल्टेण्ट रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजिष्ट, रेडियो डायगनोसिस | खुला | | १ | १ (एक) |
| ४ | ३०/०८०-८१ | कन्सल्टेण्ट साइक्याट्रिष्ट, स्वास्थ्य, साइक्याट्री | खुला | | १ | १ (एक) |
| ५ | ३१/०८०-८१ | कन्सल्टेण्ट पिडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक, पेडियाट्रिक मेडिसिन | खुला | | १ | १ (एक) |
| ६ | ३२/०८०-८१ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, ऐनेस्थेसियोलोजी | खुला | | १ | १ (एक) |
| ७ | ३३/०८०-८१ | कन्सल्टेण्ट अब्सटेट्रिक्स एण्ड गाईनोकोलोजिष्ट, स्वास्थ्य, अब्सटेट्रिक्स एण्ड गाईनोकोलोजी | खुला | | १ | १ (एक) |
| ८ | ३४/०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | खुला | | १ | १ (एक) |
| ९ | ३५/०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | मधेशी महिला | | १ | १ (एक) |
| १० | ३६/०८०-८१ | जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | अन्तरसेवा | | १ | १ (एक) |

**परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।
**परीक्षा मितिः** पछि प्रकाशन गरिनेछ ।
**परीक्षा केन्द्रः** जनकपुरधाम ।
**दरखास्त दस्तुरः** अधिकृत एघारौं तहको लागि रु.१,५००/- (एक हजार पाँच सय) र अधिकृत नवौं तहको लागि रु.१,२००/- (एक हजार दुई सय) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु.५००/-(पाँच सय) थप दस्तुर बुझाउनु पर्नेछ ।
**दरखास्त दिने अन्तिम मितिः** २०८०/५/२७ र दोब्बर दस्तुर तिरी २०८०/६/३ सम्म ।
**उम्मेदवारको उमेरको हदः** २०८०/५/२७ सम्म २१ वर्ष उमेर पुरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको । इञ्जिनियरिङ्ग सेवा, कृषि सेवा, वन सेवा र स्वास्थ्य सेवाको हकमा ४० वर्ष ननाघेको । बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।
**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरि All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड चयन गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्न सकिन्छ ।
<u>Online Payment बाट दस्तुर भुक्तानी गर्नः</u> राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Online Payment Select गरि Next मा Click गर्ने त्यसपछि Connect IPS गरी रकम भुक्तानी गर्न सकिनेछ । Online Payment गर्ने उमेदवारहरुले तोकिएका वालेटहरु मध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ ।
<u>Offline बाट दस्तुर भुक्तानी गर्नः</u> राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Offline Payment चयन गरि Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ ।
**दरखास्त दस्तुर बुझाउने अवधिः** ढिलोमा २०८०/६/३ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।
**अपलोड गर्नुपर्ने कागजातहरुः** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो फोटो, दस्तखत र नागरिकताको प्रमाणपत्र स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ । अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।
**पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा, समूह सम्बन्धी

**तलबः** मधेश प्रदेश कानून बमोजिम ।

**सेवा सम्बन्धी मन्त्रालयः** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएको सम्बन्धित मन्त्रालय ।

**प्रदेश निजामती सेवा खुला तथा समावेशीको लागि आवश्यक न्यूनतम योग्यता र न्यूनतम शैक्षिक योग्यताः**

**१. आवश्यक न्यूनतम योग्यता**

अ) सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ ।

आ) स्वास्थ्य सेवा तर्फः नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-६ मा उल्लेखित न्यूनतम योग्यता प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा नवौं तहको हकमा पाँच वर्ष र एघारौं तहको हकमा सात वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ । नेपाल स्वास्थ्य सवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ । दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी परिषदमा दर्ता/नवीकरण भएको हुनुपर्नेछ ।

ई) अन्तर सेवाको लागिः प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा (१७) मा व्यवस्था भए बमोजिम हुनेछ ।

**२. आवश्यक न्यूनतम शैक्षिक योग्यता**

क) स्वास्थ्य सेवा तर्फ अधिकृत एघारौं तह (पद, समूह, उपसमूह):

१ प्रमुख मेडिकल सुपरिन्टेण्डेन्ट, जनरल हेल्थ सर्भिसेजः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नाकोत्तर उपाधि प्राप्त।

ख) अधिकृत नबौं तह तर्फ (अप्राविधिक/प्राविधिक)

(अ) स्वास्थ्य सेवा वाहेकको सेवा तर्फ (अप्राविधिक/प्राविधिक) अधिकृत नवौं तह वा सो सरह (सेवा, समूह, उपसमूह):

१ प्रशासन, सामान्य प्रशासनः मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उत्तीर्ण ।

२ इञ्जिनियरिङ्, सिभिल, स्यानिटरीः मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ् वा स्यानिटरी इञ्जिनियरीङ् वा पब्लिक हेल्थ इञ्जिनियरीङ् विषयमा स्नातकोत्तर उत्तीर्ण।

३ इञ्जिनियरिङ्, जियोलोजी, हाइड्रो जियोलोजीः मान्यता प्राप्त शिक्षण संस्थाबाट हाइड्रोजियोलोजी विषयमा वा हाइड्रोजियोलोजी वा ग्राउण्ड वाटर हाइड्रोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा जियोलोजिकल इञ्जिनियरिङ् वा एप्लाइड जियोलोजीमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधी प्राप्त गरेको वा जियोलोजी वा जियोलोजिकल इञ्जिनियरिङ् वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधी प्राप्त गरि ग्राउण्ड वाटर सम्वन्धी विषयमा तीन महिनाको तालिम प्राप्त ।

४ शिक्षा, शिक्षा प्रशासनः मान्यत प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर तह उपाधि प्राप्त ।

(आ) स्वास्थ्य सेवा तर्फ अधिकृत नवौं तह (पद, समूह, उपसमूह):

१ कन्सल्टेण्ट सर्जन, सर्जरी, जनरल सर्जरीः मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

२ कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, सर्जरी, अर्थोपेडिक सर्जरीः मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

३ कन्सल्टेण्ट रेडियोलोजिष्ट, रेडियोलोजी, रेडियोडाइग्नोसिसः मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

४ कन्सल्टेण्ट साइक्याट्रिष्ट, साइक्याट्रीः मान्यता प्राप्त शिक्षण संस्थाबाट साइक्याट्रीमा स्नातकोत्तर उपाधि प्राप्त ।

५ कन्सल्टेण्ट पेडियाट्रिसियन, पेडियाट्रिक्स, पेडियाट्रिक मेडिसिनः मान्यताप्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त ।

६ कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, एनेस्थेसियोलोजीः मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

७ कन्सल्टेण्ट अब्टेट्रिक्स एण्ड गाइनोकोलोजिष्ट, अब्टेट्रिक्स एण्ड गाइनोकोलोजीः मान्यताप्राप्त शिक्षण संस्थाबाट अब्टेट्रिक्स तथा गाइनोकोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

८ जनस्वास्थ्य प्रशासक, हेल्थ इन्स्पेक्सनः मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (ब्याचलर अफ आयुर्वेदिक एण्ड मोडर्न मेडिसिन एण्ड सर्जरी) उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर वा सो सरहको स्वास्थ्य क्षेत्रको समकक्ष उपाधि प्राप्त ।

**उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः**

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

खुला तथा समावेशी तर्फ दरखास्त दिन चाहिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु र अनुभवः

(अ) मधेसीको हकमा: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(आ) दलितको हकमा: राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र ।

(१) निजामती तथा अन्य सरकारी निकाय,

(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था,

(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,

(४) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय (Statutory organization/Agency),

(५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय,

(६) अन्तर सरकारी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु,
(७) विश्वविद्यालयको आंगिक क्याम्पस, (८) सामुदायिक विद्यालय

(ख) खण्ड (क) मा उल्लेख भए बाहेकको अन्य निकायको अनुभवको सम्बन्धमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन, संरचना लगायत कर्मचारीको सेवा शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत आवश्यक पर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।

(ग) सरकारी कर्मचारीले अन्य संगठित संस्थामा काम गरेको अनुभव सम्बन्धमा सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाइ मान्यता दिइनेछ र्।

(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।

(ङ) नियुक्तिपत्र वा करारनामामा नै आंशिक (Part Time) रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।

(च) एकवर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन ।

(ज) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ ।

(झ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ ।

(ञ) MBBS र MD उत्तीर्ण गरेका उम्मेदवारको हकमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र दरखास्त पेश गर्दाको वखत अनिवार्य रुपमा उम्मेदवारसँग हुनु पर्नेछ ।

(ट) MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) Residential अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिका रुपमा गणना गरिनेछ ।

**द्रष्टव्यः**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाममा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) उम्मेदवारले प्रवेशपत्रमा आफु उम्मदेवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ज) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.p2.gov.np बाट प्राप्त गर्न सकिने छ ।